महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

**२०७५ श्रावण १६ गते, बुधबार**

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालको उपस्थितिमा नेपाल राष्ट्र बैंकका गर्भनर श्री चिरञ्जिवी नेपाल सहित बैंकका उच्च पदाधिकारी र आर्थिक वर्ष २०७४/७५ को बैंकको लेखापरीक्षणका लागि खटिएका लेखापरीक्षकहरु बीच महालेखापरीक्षकको कार्यालय, बबरमहलमा छलफल सम्पन्न भयो ।

छलफलमा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षकलाई अझ बढी जवाफदेही र जिम्मेवार बनाइने बताउदैं राष्ट्र बैंकलाई लेखापरीक्षण कार्यमा सहयोग गरी आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत पार्न निर्देशन दिनुभयो । सो क्रममा उहाँले पछिल्लो समयमा मुलुकमा बैंक तथा वित्तीय अपराधका घटनाहरु वृद्धि हुदैं गईरहेको हुँदा यस्ता कार्यमा नियन्त्रण गर्न बैंकको नियमनकारी भूमिकालाई प्रभावकारी बनाउने तथा सार्वजनिक कोषको सुरक्षा र मुलुकभर वित्तीय सेवाको सहज पहुँचका लागि नेपाल राष्ट्र बैंकको सक्रिय भूमिकाको अपेक्षा गर्नुभयो । त्यसैगरी यो वर्ष लेखापरीक्षणका क्रममा बैंकको विगत वर्षका लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा कार्यान्वयन स्थिति समेत समावेश गरी आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण प्रतिवेदन, २०७५ कार्तिक मसान्तभित्र पेश गर्न लेखापरीक्षकहरुलाई निर्देशन दिनुभयो ।

बैठकमा नेपाल राष्ट्र बैंकका गर्भनर श्री चिरञ्जिवी नेपालले अर्थ व्यवस्थाका विविध पक्ष र बैंक तथा वित्तीय संस्थाको नियमनमा नेपाल राष्ट्र बैंकका भूमिका, कर्मचारी व्यवस्थापन, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति लगायत नेपाल वित्तीय प्रतिवेदन प्रणालीको कार्यन्वयन सम्बन्धमा भएका काम-कारबाही बारे प्रकाश पार्नुभयो ।

२०७५।४।१६

(विश्वनाथ रेग्मी)
प्रवक्ता/नायव-महालेखापरीक्षक